

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस् !**

**चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।**

**सम्पर्कः प्रगति ट्रेड कन्सर्न**

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५४०८१९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



**रु. १.५ मा**

**कलर भिजिटिङ कार्ड साथै**

**तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा**

**सम्पर्कः**

**०६१-५७०६५१, ९८५६०७५५७५**



❑ वर्ष २३ ❑ अङ्क १६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार १९ गते आइतबार ❑ 3 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


# अरुणा र प्रदीप वर्ष उत्कृष्ट खेलाडी

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ असार**



अरुणा शाही र प्रदीप खड्का छैटौं पोखरा स्पोर्टस् अवार्ड २०७८ मा वर्ष खेलाडी घोषित भएका छन् ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशले शनिबार पोखरामा आयोजना गरेको वर्ष सर्वोत्कृष्ट खेलाडी पुरुषमा टेनिसका प्रदीप खड्का र वर्ष सर्वोत्कृष्ट खेलाडी महिलामा भलिबलकी अरुणा शाही घोषित भएका हुन् ।

वर्ष सर्वोत्कृष्ट खेलाडी विधामा प्रदीपले विधान अधिकारी (ब्याडमिन्टन) र बुद्ध लामा (कराँते)लाई पछि पार्दै अवार्ड जिते । सोही विधाको महिलातर्फ नेपाली भलिबल टिमका राष्ट्रिय कप्तानसमेत रहेकी शाहीले मनिषा उपाध्याय (क्रिकेट) र सरगम कुमाल (कराँते)लाई पछि पार्दै अवार्ड जितेकी हुन् । अवार्ड बिजेता खड्का र शाही दुवै जनाले एक-एक थान ईलेक्ट्रिक स्कुटर प्राप्त गरेका छन् । यस्तै लाइफटाइम अचिभमेन्ट अवार्डबाट गणेश बहादुर भट्टराईलाई सम्मान गरियो । पाकिस्तानमा भएको चौथो दक्षिण एशियाली खेलकुदमा रजत पदक बिजेता समेत रहेका पोखराको ड्यामसाइड निवासी भट्टराईको नेपालको खेल क्षेत्रको विकासमा ठूलो योगदान रहेको छ । कार्यक्रममा मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, मञ्चका अध्यक्ष बरालगायतले भट्टराईलाई लाइफटाइम अचिभमेन्ट अवार्डका साथमा चाँदीको करुवा, ताम्रपत्र र दोसल्ला लगाएर सम्मान गरेका थिए । यस्तै कार्यक्रममा वर्ष उत्कृष्ट उदीयमान खेलाडी विधामा टेनिसका दर्शिल श्रेष्ठले अवार्ड जितेका छन् । उनले सृष्टि जैशी (क्रिकेट) र शाहिल लिम्बु (बक्सिङ) उछिन्दै अवार्ड जितेका हुन् । यस्तै वर्ष उत्कृष्ट प्रशिक्षकमा टेनिसका निरज थापाले अवार्ड जिते । उनले रिजन प्रजु (क्रिकेट) र रेकमाया गुरुङ (तेक्वान्दो)लाई पछि पार्दै अवार्ड जितेका हुन् । अवार्ड विजेता थापा वर्ष सर्वोत्कृष्ट खेलाडी पुरुष प्रदीप खड्का र उदीयमान उत्कृष्ट वर्ष खेलाडी दर्शिल श्रेष्ठका गुरु हुन् ।

वर्ष उत्कृष्ट खेल संघबाट तेक्वान्दो संघ गण्डकी प्रदेश सम्मानित भएको छ । त्यस्तै, वर्ष उत्कृष्ट खेल पत्रकारको अवार्ड कान्तिपुरकर्मी दीपक परियारले प्राप्त गरे । अवार्ड विजेता उत्कृष्ट वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट संघ र वर्ष उत्कृष्ट खेल पत्रकारलाई ट्रफीसंगै नगद ३५/३५ हजार र सम्मान पत्र प्रदान गरियो । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको प्रमुख आतिथ्यमा भएको समारोहमा प्रमुख अतिथि मुख्यमन्त्री पोखरेलले खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजित अवार्ड समारोहको महत्वबारे प्रकाश पार्दै सरकारले खेल क्षेत्रमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

मञ्च अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको कार्यक्रममा मञ्चको गतिविधि र धन्यवाद ज्ञापन उपाध्यक्ष सुरज श्रेष्ठले गरेका थिए । कार्यक्रमको सञ्चालन मञ्चका महासचिव राजाराम पौडेल र सदस्य लक्ष्मी जिसी 'पल्पसा' ले गरेका थिए । अवार्ड वितरण समारोहमा गायक विनोद वानिया, हाँस्य कलाकार युवराज भण्डारी, गायक सन्तोष बस्याल, गायिका प्राप्ति तुलाचन, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान गण्डकीको लाइभ दोहोरी, गण्डकी प्रज्ञा प्रतिष्ठानको कल्चरल नृत्य र खेल डेमोस्ट्रेसनलगायतले कार्यक्रमको माहोल तताएको थियो । अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, एमए कस्ट्रक्सन प्रालि, सहारा क्लब पोखरा, नेपाल भूतपुर्व खेलाडी मञ्च, तमु धिं युके, आभ्या क्लब, युनाइटेड नेसनको वातावरण पार्टनर टेल जी ब्राण्डको टाइगर मोडलको इलेक्ट्रिक स्कुटर, होटल पौवा लेकसाइड, जु जु वेर्यस, पोखरा रामबजार निवासी स्व. सेनानी हेमबहादुर पुनको स्मृतिमा परिवारजनको सहयोग, सिटीवान टेलिभिजन, पोखरेली मञ्च युके, परिचय एड्भर्टाइजिङ, निसीखोला गाउँपालिका बाग्लुङ, चिल्लिबार एण्ड रेष्टुरेन्ट, टाइगर गुप्र अफ पोखरा, साइमन पार्टी प्यालेस, वल्डलिंक, फिस्टेल हस्पिटल, युनाइटेड क्लब, अमेरिकाबाट सरिता गुरुङ, जापानबाट पूर्व अध्यक्ष मोहन घले, पूर्व अध्यक्ष प्रेमनारायण न्यौपाने, मनकामना पेट्रोलपम्प, शितलज्योती युवा क्लब, लाइफकेयर डाईग्नोस्टिक्स एण्ड रिर्सच सेन्टर, सुनगाभा न्युज, स्टेशन गैह्रापाटन, सिटीजन फर्निचर, जिल्ला खेलकुद विकास समिति कास्की, गण्डकी एण्ड धौलागिरी सप्लायर्स प्रालि, नेपाल खानेपानी संस्थान लगायत सहयोगीको रुपमा जोडिएको मञ्चले जनाएको छ । मञ्चले २०७२ सालदेखि पोखरामा निरन्तर स्पोर्ट्स अवार्ड कार्यक्रम गर्दै आएको छ ।

# पर्यटनका समस्या मौद्रिक नीतिमार्फत् सम्बोधन गर्न सुझाव

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ असार**



कोरोनाले थलिएको पर्यटनलाई पुनरुत्थान गर्दै व्यवसायलाई निरन्तरता दिन विशेष राहातका कार्यक्रम ल्याउन होटल संघ पोखरा नेपालले नेपाल राष्ट्र बैंकलाई आग्रह गरेको छ ।

केही हप्तापछि सार्वजनिक हुन लागेको नयाँ मौद्रिक नीतिका सन्दर्भमा नेपाल राष्ट्र बैंकलाई सुझाव प्रदान गर्न संघले शनिबार पोखरामा उद्योगी व्यवसायीसहित एक अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरेको थियो । सो अवसरमा संघका अध्यक्ष लक्ष्मण सुवेदीले गभर्नर महाप्रसाद अधिकारीलाई संस्थाका तर्फबाट लिखित सुझाव तथा मागहरु प्रदान गरेका थिए । गत जेठ १५ मा प्रस्तुत बजेटले पर्यटन क्षेत्रका समस्या संवोधन गर्न नसकेको भन्दै सुवेदीले मौद्रिक नीतिले तिनलाई समेट्नेमा आफूहरु आसावादी रहेको बताए । कोभिड १९ का कारण ३० प्रतिशत व्यवसायी तथा ठूलो संख्यामा कर्मचारी र मजदूर पलायन भएको पनि उनले जानकारी दिए ।

होटल तथा पर्यटन उद्योगको वित्तीय अवस्था हालसम्म सहज भइनसकेको जनाउँदै संघले २०८१ असार मसान्त सम्मको पाक्ने ब्याजको छुट्टै हिसाव राखी हर्जना र पेनाल ब्याज नलाग्ने व्यवस्था गर्न राष्ट्र बैंकसँग आग्रह गरेको छ । होटलका लागि आबश्यक पर्ने थप कर्जा न्यून ब्याजदरमा प्रवाह गरी कर्जा प्रक्रिया शुल्क सहुलियतपूर्ण बनाउन पनि सुझाव दिइएको छ ।

यसैगरी निर्यातजन्य कारोबार गरेर देशमा विदेशी मुद्रा भित्र्याउने कम्पनीहरुलाई जस्तै होटल उद्योगलाई पनि क्यास ब्याक इन्सेन्टिभ सुविधा दिइनुपर्ने माग पनि संघको छ । सहुलियत कर्जाको सिमा २० करोड रुपैयाँबाट बढाएर ५० करोड रुपैयाँ पुर्‍याइनुपर्ने र यस्तो कर्जा सुविधा सबै होटलले पाए नपाएको अनुगमन गर्न निजी क्षेत्र सम्लित समिति बनाउन पनि संघले सुझाव प्रदान गरेको छ ।

हाल भएका कर्जाहरुलाई कम्तिमा तीन बर्ष अवधि थप गरी पुनर्तालिकिकरण गरिनुपर्ने र पुँजिकरण गरिएको ब्याजलाई असार मसान्तको सट्टा अनुपातिक रुपमा लामो अवधिको लागि किस्ताबन्दीमा तिर्ने र बुझाउने व्यवस्था गरिनुपर्ने माग पनि संघले राखेको छ । होटल मार्फत् विदेशी एजेन्टहरुलाई डलरमा कमिसन भुक्तानी गर्दा भुक्तानीको सिमा बढाइनुपर्ने साथै होटलहरुले तोकेको व्यक्तिको नाममा डलरको प्रिपेड कार्ड उपलब्ध गराई सहजिकरण गरिनुपर्ने माग पनि राखिएको छ । क्रेडिट कार्ड प्रयोगमा बैंकहरुले लिँदै आएको तीन प्रतिशत सेवा शुल्क घटाई बढीमा एक प्रतिशत कायम गरिनुपर्ने, पाँच सय र दुई हजार रुपैयाँ दरका भारतीय नोट नेपालमा स्वीकार्न पाउने र सार्क राष्ट्रका जुनसुकै मुद्रा यहाँका बैंकहरुले स्वीकार्ने व्यवस्था गर्न पनि संघले माग राखेको छ । राज्यले आयातमा लगाएको प्रतितपत्र वापतको १०० प्रतिशत मार्जिनलाई घटाई साविककै १० प्रतिशत कायम गरिनुपर्ने सुझाव पनि संघको छ । पर्यटन व्यवसाय अफ्ठ्यारो अवस्थाबाट गुज्रिरहेको भन्दै संघले बैक तथा वित्तीय संस्थाले कुनै प्रकारको जरिवाना शुल्क लिने, कर्जा भुक्तानी गर्ने र व्यवसायीको धितो लिलामि गर्ने जस्ता कार्य बाध्येकारी गर्न नपाउने व्यवस्थाका लागि समेत संघले राष्ट्र बैंकसँग माग राखेको छ । वातावरणीय अध्ययन (आईइइ/इआईए/बीइएस) को ढिलाईका कारणले नविकरण हुन नसकेका होटल उद्योगहरुलाई सहज रुपमा नेपाल राष्ट्र बैंकबाट विदेशी मुद्रा कारोबार अनुमतिपत्र नविकरण गरिनुपर्ने, साना तथा मझौला होटलहरुलाई परियोजनाको आधारमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनुपर्ने र होटल तथा अन्य उद्योगधन्दालाई राज्यले निश्चित समयका लागि सहुलियत ऋण, कर छुटको व्यवस्था गरी प्रोत्साहन गर्नुपर्ने माग पनि समेटिएको छ । यसैगरी होटल तथा पर्यटन क्षेत्रलाई पनि कृषि क्षेत्र सरह सहुलियत कर्जा उपलब्ध गराई होटल क्षेत्रको मूल्य अभिवृद्धि कर कम गरिनुपर्ने माग पनि संघको छ ।

सो अवसरमा गभर्नर अधिकारीले नेपालको अर्थव्यवस्था चुनौतिपूर्ण अवस्थाबाट गुज्रिएको भन्दै आयात र निर्यातको भारी अन्तरले अर्थतन्त्र अफ्ठयारोमा परेको भनाई राखे । पर्यटनले पछिल्लो क्रममा आसाको किरण छरेको भन्दै उनले व्यवसायीका जायज मागलाई मौद्रिक नीतिले संबोधन गर्ने बताए । पर्यटनको लगानी लामो समयको लागि हुने कारण कर्जा र ब्याज असुलीमा बैंकले सोही

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

# पोखराको ल्यान्डफिल्ड साइट सम्बन्धमा ३३ नं वडा कार्यालयको सक्रियता

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ असार**



पोखराको ल्यान्डफिल्ड साइट सम्बन्धमा ३३ नं वडा कार्यालयले सक्रियता देखाएको छ ।

पोखरा महानगरपालिकाले वडा नं ३३ भरतपोखरीको टिमुरपाटामा ल्यान्डफिड साइट राख्ने तयारी गरिरहेको र स्थानीयवासीले त्यसको विरोध गरिरहेको सन्दर्भलाई मध्यनजर गर्दै ३३ नं वडा कार्यालयले शनिवार अर्न्तक्रिया सम्पन्न गरेको हो ।

अर्न्तक्रियामा विषयमाथि प्रकास पार्दै पोखरा-३३ का वडाध्यक्ष रामचन्द्र अधिकारीले भरतपोखरीमा ल्यान्डफिल्ड साइट राख्ने सम्बन्धमा आफूहरू नेतृत्वमा आउनुपूर्व अघिल्लो स्थानीय सरकारको पालामा महानगर कार्यपालिकाको ५५औं बैठकले निर्णय गरेको जानकारी गराएका थिए । उनले आफूहरु कुनै पनि हालतमा जनताको भावना विरुद्ध नजाने वताए । अर्न्तक्रियाका वक्ताले सरोकारवालाबीच छलफल नै नगरी गरिएको निर्णय तुरुन्त खारेजी गर्न माग गरेका थिए ।

कार्यक्रममा उक्त वडाका निवर्तमान वडाध्यक्ष शिवप्रसाद आचार्यले आफ्ना कार्यकालमा महानगर कार्यपालिकाको ५५औं बैठकमा कुरा आएको बताउदै उद्योग खोल्नेमा आफ्नो सहमत भएपनि डम्पिङ्ग साइटका लागि सहमति नरहेको प्रष्ट पारेका थिए । उनले साबिक भरतपोखरी गाउँ विकास समितिका पूर्वअध्यक्ष यज्ञप्रसाद अधिकारीले यो विषय आम वडावासीको चासो र सरोकारको विषय भएको बताउँदै जनताको भावना अनुसार अघि बढ्न सुझाव दिए । युवा नेता हेमबहादुर थापा किरणले जनताको हितमा निणर्य हुनुपर्नेमा जोड दिए । वक्ता विष्णु प्रसाद भण्डारीले महानगरपालिकाको वडा नं ३३का दक्षिण भेकका जनता विस्तापित गर्न खोजिएको विचार राखे । युवा श्रीधर पौडेलले भौगोलिक अवस्थिति अनुसार पोखराकै उत्कृष्टस्थलका रुपमा रहेको भरतपोखरी पर्यटकीय गन्तव्य समेत भएको बताउँदै यस स्थानमा कुनै पनि रुपमा ल्यान्डफिल्ड साइट राख्न स्थानीयवासी तयार नरहेको धारणा राखे । अर्का वक्ता शेषराज आचार्यले भरतपोखरीमा ल्यान्डफिल्ड साइट राख्ने षड्यन्त्रका विरुद्ध एक हुन आग्रह गरे । सरस्वती टीका माध्यमिक विद्यालयका अध्यक्ष ऋषिराज आचार्य, भरतपोखरी विकास मञ्चका अध्यक्ष डिल्लीराम बराल, स्थानीय वासिन्दाहरु दिनेश आचार्य, माधव कँडेल, वसन्तराज आचार्य,गोविन्द आचार्य, धनबहादुर भुजेल, अङ्कित गुरुङ्ग,अरुण त्रिपाठी, कृष्णप्रसाद आचार्य लगायतले ल्यान्डफिल्ड साइट राख्ने जस्तो निर्णयमा सरोकारावालाबीच छलफल नै नगरिनु दुःखद भएको बताउँदै निर्णय खारेज गराउन यहाँका जनप्रतिनिधि र दलहरुको जागरुकता आवश्यक भएकामा जोड दिएका थिए ।

यसअघि शनिवार नै पोखरा-३३ का दलहरुको बैठकले एकताबद्ध भएर ल्यान्डफिल्ड साइट राख्ने निर्णय खारेज गराउन लागिपर्ने गरी निर्णय भैसकेको कांग्रेस ३३ का सभापति तिलक अधिकारीले सुनाएका थिए । वडाले भरतपोखरीमा ल्यान्डफिल्ड साइट राख्ने निर्णय तत्काल खारेज गर्न माग गर्दै यस सम्बन्धमा विस्तृत छलफलका लागि वडाका जनप्रतिनिधिमार्फत सर्व पक्षीय भेला गरी अन्तर्कृया सम्पन्न गरेको हो । ल्यान्डफिल्ड साइट व्यवस्थापनका लागि महानगरले रु १० करोड विनियोजन गरेको विषयप्रति आपत्ति जनाउदै यस वडामा शुक्रवार पनि 'भरतपोखरीमा ल्यान्डफिल्ड कति ठीक ? कति बेठिक ?' शीर्षकमा छलफल कार्यक्रम भएको थियो ।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



**पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।**

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# भद्रकाली सहकारीमा निःशुल्क स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, १८ असार

'सामुहिक बचत, आर्थिक समृद्धि, हाम्रो उद्देश्य' भन्ने मूल नाराका साथ २०७६ आषाढ १३ गते स्थापित भद्रकाली बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा "निःशुल्क स्वास्थ्यशिविर तथा औषधि वितरण कार्यक्रम शनिवार सम्पन्न भयो।



कार्यक्रममा संस्थाका अध्यक्ष किरणराज घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं १३ का वडा अध्यक्ष किरण बरालले कार्यक्रमको उद्घाटन गरेका थिए। शिविरमा शेयर सदस्य र स्थानीयवासीहरु गरी दुइ सय ७९ जना स्वास्थ्य परिक्षणवाट लाभान्नित भए। "सेवा नै धर्म हो' भन्ने मुल उद्देश्यवाट अभिप्रेरित भएका मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर पोखरा-११ का वरिष्ठ फिजिसियन डा. सरोज पोखेल, वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा. जुनु श्रेष्ठ कर्मचार्य, डा. गणेश सुवेदी, डा. अञ्जनी सुवेदी, डा. रेखा पौडेल, वरिष्ठ हाड जोर्नी तथा नशा रोग विशेषज्ञ डा. कल्याण बराल र मेट्रोन अस्मिता दवाडी सहितको १६ जनाको स्वास्थ्य टोलीको साथमा प्राविधिकले शिविर सेवा प्रदान गरेका थिए। लियो क्लव अफ पोखरा पिस चौतारीको शिविरमा निःशुल्क औषधी वितराण गर्न सहयोग गरेका कार्यक्रम संयोजक डा. दिपकराज सुवेदीले वताए। कार्यक्रमको संचालन सहकारीका प्रवन्धक मित्रराज घिमिरेले गरेका सहकारीका लेखा समितिका सदस्य पुरषोत्तम घिमिरेले वताए।

# पर्यटनका...

अनसारको व्यवहार गर्नुपर्ने, कर्जा र ब्याज चुक्ताका लागि बैंकहरुले व्यवसायीलाई मानशिक यातना दिन नहुने, बैंकर र व्यवसायी छुट्टिनुपर्ने, पुनर्कर्जाको समय बढाउनुपर्ने, उत्पादनमूलक र विलासिताका वस्तुमा भंसार दर फरक हुनुपर्ने, बैंकको ब्याजदर एकल अंकमा हुनुपर्ने र फेवातालको मापदण्ड तलमाथि भइरहँदा धितो र कर्जाका सम्बन्धमा बैंकले व्यवसायीलाई मानशिक यातना दिएको जस्ता विषय पनि सहभागीले उठाएका थिए। कार्यक्रममा नेपाल राष्ट्र बैंक गण्डकी कार्यालयका निर्देशक रामशरण खरेल, होटल संघ नेपालका केन्द्रिय सदस्य भरतराज पराजुली, आयोजक संघका सल्लाहकार एवं पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष विश्वशंकर पालिखे, होटल संघ नेपालका गण्डकी प्रदेश अध्यक्ष हरि शर्मा गैह्रे, आयोजक संघका सल्लाहकार बच्चुराम तिवारी, निवर्तमान अध्यक्ष विकल तुलाचन, पोखरा पर्यटन परिषद् का अध्यक्ष गोपिबहादुर भट्टराई, टान पश्चिमाञ्चलका उपाध्यक्ष धर्मराज पन्थी, नाट्टा गण्डकीका अध्यक्ष हरिराम अधिकारी र रेवान पोखराका अध्यक्ष लक्ष्मण बराल लगायतले पनि सुझाव राखेका थिए। कार्यक्रमको संचालन आयोजक संघका महासचिव राजेन्द्र ढकालले गरेको थिए।

# काँहुखोला तीन अञ्चुरे टोल बिकास संस्थाको अध्यक्षमा कुँवर

पोखरापत्र संवाददाता
पोखरा, १८ असार

पोखरा महानगरपालिका वडा नं १३ स्थित काँहुखोला तीन अञ्चुरे टोल बिकास संस्थाको १० औ साधारण सभा एवं छैटौ अधिवेशनबाट ईन्द्र बहादुर कुँवरको अध्यक्षमा ११ सदस्यीय नयाँ कार्यसमिति गठन भएको छ।



शनिवार भएको अधिवेशनले उपाध्यक्षमा खेमबहादुर गुरुङ सचिबमा पुरुषोत्तम सापकोटा, कोषाध्यक्षमा गोबिन्द प्रसाद पौडेल स-सचिवमा बिमल बहादुर बराल सदस्यहरुमा क्रमश सिता पौडेल, लक्ष्मी रानाभाट, लक्ष्मण गुरुङ, सुरेन्द्र बराल, राधाकृष्ण देवकोटा र नबिना आचार्य चयन भएका छन्। वडा न १३ का वडा सदस्य वलवहादुर वरालले व्यानरमा हस्ताक्षर गरी कार्यक्रम सुरु गरेका थिए। टोल विकास संस्थाका अध्यक्ष विष्णुमाया अधिकारीको अध्यक्षमा भएको कार्यक्रमम वडा नं १३ का अध्यक्ष किरण वराल, तीन अञ्चुरे टोल विकास संस्थाका पूर्वअध्यक्ष रमा कार्की, पोखरा पत्र दैनिकका कार्यकारी सम्पादक शोभकान्त सिग्देल, अक्सफोर्ड स्कुलका संस्थापक अध्यक्ष रमाकान्त सिग्देल, कामना टोल विकास संस्थाका अध्यक्ष कृष्ण राज गौतम, बाँझापाटन मिलन मार्ग टोल विकास संस्थका अध्यक्ष रामराज सिग्देल लगायत वोलेको कार्यक्रममा चन्द्र गुरुङले स्वागत, समाजसेवी बसन्त वराललले धन्यवाद गरेको कार्यक्रममा पुरुषोत्तम सापकोटाले संचालन गरेका थिए।

# बाँझापाटन क टोल विकास संस्थाका १३ औ साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, १८ असार

पोखरा महानगरपालिका वडा न १३ स्थित बाँझापाटन क टोल विकास संस्थाको १३ औं साधारण सभा तथा सम्मान कार्यक्रम शनिवार सम्पन्न भयो।



कार्यक्रममा वडा न १३ का वडा अध्यक्ष किरण वराल, सदस्यहरुमा क्रमश सुचित तमाङ, बलवहदुर वराल, सरिफ अलिमियाँ र रजनी परियारलाई सम्मान गरिएको थियो। संस्थाका सदस्यहरुलाई सकारात्मक सोच लिएर अगाडि बढ्न वडा अध्यक्ष किरण वराललले अनुरोध गरे। एक वर्ष भित्र टोलमा आवश्यक पर्ने सिसी क्यामरा लगायत विकास पुर्वधारमा सहयोग गर्ने वताए। कर्यक्रममा संस्थाका सचिव मेनकुमार गुरुङ र कोषाध्यक्ष गञ्ज वहादुर गुरुङले प्रस्तुत गरेका प्रगति विवरण पारित भएको छ। बाँझापाटन क टोल विकास संस्थाका अध्यक्ष सुर्य लक्ष्मी श्रेष्ठको अध्यक्षातामा भएको कार्यक्रममा कमल पोखरी टोल विकास संस्थाका अध्यक्ष सु. इन्द्रवहादुर गुरुङ लगायत वोलेको कार्यक्रममा संस्थाका उपाध्यक्ष सु. नौ वहादुर गुरुङले स्वागत संस्थाका सचिव मेनकुमार गुरुङले साहित्यमय भाषामा कार्यक्रम संचालन गरेका थिए। सोही कार्यक्रममा रोसनी गुरुङ र कृष्मा गुरुङले उत्कृष्ट नृत्य प्रस्तुत गरेका थिए।

# जुम्लामा चटयाङबाट ८० भेडा मरे

रासस
काठमाडौं, १८ असार

जुम्लाको पातारासी गाउँपालिका-४ स्थित बागजाले पाटनमा परेको चट्याङले पाँच जना कृषकका ८० भेडा मरेका छन्। सो चट्याङबाट करिब ३०० भेडा हराएका छन्।

पातारासी गाउँपालिका-४ लुम निवासी पाँच कृषकका भेडा मरेको गाउँपालिकाका पशु शाखाका प्राविधिक हरि कामीले जानकारी दिनुभयो। अप्ठ्यारो भिर भएकाले खोजतलास गर्न कठिनाइ भएको छ। सोही गाउँपालिकामा रहेको प्रहरी चौकी डिल्लीचौरका प्रमुख बद्री साउदका अनुसार चट्याङबाट पाटनमा मरेका भेडा किसान जोरा रोकाया, रामबहादुर रेउले, शङ्कर नेपाली, धर्म रेउले र मानबहादुर रोकायाको भेडा चट्याङमा परेर मरेको प्रहरी चौकी डिल्लीचौरले जनाएको छ।

# कास्की बडिबिल्डिङ एण्ड फिटनेश एसोशिएसनको रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, १८ असार

कास्की बडिबिल्डिङ एण्ड फिटनेशएसोशिएसनको आयोजना तथा पोखरा महानगरपालिका ३ को विषेश सयोगमा आयोजना गरिएको रक्तदान कार्यक्रममा ५१ युनिट रगत संकन भएको छ।



पोखरा महानगरपालिका ३ को कार्यालयमा आयोजना गरिएको रक्तदान कार्यक्रममा प्रमुखअतिथी पोखरा महानगरपालिकाक ३ का वडा अध्यक्ष प्रकाशमान उदासले २७ पटक रक्तदान गरेका रक्तदाता युवराज आचार्यलाई व्लड व्याग हस्तान्त्रणगरेर कार्यक्रमको सुभारम्भ गरेका थिए।

रक्तदान कार्यक्रममा वोल्दै प्रमुख अतिथि पोखरा महानगरपालिका ३ का वडा अध्यक्ष प्रकाशमान उदासले कास्की बडिबिल्डिङ एण्ड फिटनेश एसोशिएसनले अहिलेको विषम परिस्थितिमा पनि यस्तो पुन्य काम गरेकोमा धन्यवाद दिदै एसोशिएसनको अगुवाईमा गरिएको यो रक्तदान कार्यक्रममा पोखरा महानगरपालिका वार्ड न ३ कार्यालयले पनि मिलेर काम गर्न पाएकोमा एसोशिएसनलाई धन्यवाद दिएका थिए।

कास्की बडिबिल्डिङ एण्ड फिटनेश एसोशिएसनका अध्यक्ष राकेश जोशीले एसोशिएसनले विभिन्न समयमा सामाजिक उतर दाहित्वका कामहरु गरिरहेको बताउदै रगत अभावका कारण कुनै पनि व्यक्तिले ज्यान नगुमाउन नपरोस् भनेर रक्तदान कार्यक्रम आयोजना गरीएको बताए। कार्यक्रममा एसोशिएसनका निर्वतमान अध्यक्ष राजकुमार थापा,एसोशिएसनका द्वितीय उपाध्यक्ष दिपक वास्तोला लगाएतले बोलेका थिए। कास्की बडिबिल्डिङ एण्ड फिटनेश एसोशिएसनका अध्यक्ष राकेश जोशीको अध्यक्षतामा भएको कार्यक्रमको सन्चालन एसोशिएसनका सह सचिव तथा कार्यक्रम संयोजक प्रकाश पौडेलले सन्चालन गरेका थिए।

कार्यक्रममा रक्तदान गर्ने रक्तदाताहरुलाई प्रमाण पत्र प्रदान गरीएको थियो। साथै एसोशिएसनले हालै स्थानिय तहको चुनावमा पोखरा महानगरपालिका वडा नं ३ बाट निर्वाचित वडा अध्यक्ष लगाएत वडा सदस्यहरूलाई विशेष सम्मान गरेको थियो। कार्यक्रममा रक्त संचार केन्द्र पोखराको प्राविधिक टोलिले आवस्यक सामाग्री सहीत विषेष सयोग गरेको थियो।

# जलवायु परिवर्तन : कारण, प्रभाव र न्यूनीकरणका लागि आर्थिक साधन विषयक सेमिनार

पोखरापत्र संवाददाता
पोखरा, १८ असार

पोखरा विश्वविद्यालय अनुसन्धान केन्द्रको सक्रियतामा 'जलवायु परिवर्तनः कारणहरू, प्रभावहरू र न्यूनीकरणका लागि आर्थिक साधनहरू' विषयक सेमिनार सम्पन्न भएको छ।

सेमिनारमा डा गोविन्दराज तिमिल्सिनाले पृथ्वीमा बढ्दै गएको तापमानले कसरी जलवायु परिवर्तन गरेको छ भन्ने विषयमा चर्चा गर्नुभएको थियो। विश्व बैंक, वाशिङ्टन डिसीको विकास अनुसन्धान समूहका वरिष्ठ अनुसन्धान अर्थशास्त्रीसमेत रहेका उहाँले विश्वमा बढ्दै गएको जनसंख्याले हरितगृह ग्यास उत्सर्जन र जलवायु परिवर्तनमा पारेको प्रभावबारे बताउनुभयो।

मानवीय क्रियाकलापका कारण वनजङ्गलको विनाश, कोइला, खनिजजन्य इन्धनको अत्यधिक प्रयोग, औद्योगिकरण आदिमा वृद्धि हुँदै गएको र यसले मिथेन, नाइट्रस अक्साइड, कार्बन डाइअक्साइडजस्ता हरित गृह ग्यास र ओजोन तह विनाश गर्ने क्लोरोफोरो कार्बनजस्ता अन्य विषाक्त ग्यासको उत्सर्जन दिनप्रतिदिन वायुमण्डलमा बढ्दै गइरहेको सेमिनारमा जानकारी गराइयो।

विषाक्त ग्यास उत्सर्जनका कारण परावर्तित विकिरणहरू वायुमण्डलमै रोकिनाले पृथ्वीको तामक्रममा क्रमिक वृद्धि भइरहेको र जलवायु परिवर्तनले समाज, अर्थव्यवस्था र पारिस्थितिक प्रणाली (इकोसिस्टम)को सन्तुलनलाई अस्थिर तुल्याइदिएको बताउँदै तिमल्सिनाले यसले गर्दा प्राकृतिक विपत्ति, जैविक विविधतामा ह्रास, मानव स्वास्थ्यमा जोखिम सिर्जना गरेको बताउनुभयो। उहाँका अनुसार नेपालमा जलवायु परिवर्तनका कारण अतिवृष्टि, अनावृष्टि, लामो खडेरी, भू-क्षय, बाढीपहिरो, हिमताल विस्फोट, शीतलहर, धेरै दिनसम्म कुहिरो लाग्ने, पानीका स्रोत सुक्ने, वन डढेलो लाग्ने आदि देखिएको छ। जलवायु परिवर्तनले रैथाने वनस्पतिहरूको लोपोन्मुखता, बासस्थानको क्षयीकरण, नयाँ मिचाहा प्रजातिका वनस्पतिको फैलावट तथा रोग र किराको प्रकोपमा वृद्धि देखिएको छ।

सेमिनारमा जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न प्राकृतिक स्रोत तथा जैविक विविधताको संरक्षण र संवर्द्धन गर्ने, दिगो वातावरणीय सेवा सुनिश्चित गर्ने, कार्बन सञ्चिति बढाउने र हरितगृह ग्यास उत्सर्जन कम गर्ने खालका कार्यक्रमको पहिचान गरी ज्ञान र सीप अभिवृद्धि गर्ने, अनुसन्धान र प्रविधि विकासका कार्य पहिचान गर्न जोड दिइएको थियो।

जलवायु परिवर्तनलाई अनुकूलनसहित न्यूनीकरण गर्न कार्बनको मूल्य निर्धारणसम्बन्धी विभिन्न नीति र उपायहरूको प्रस्तुतीकरण गर्दै सेमिनारमा नेपालमा स्वदेशीरूपमा उत्पादित जलविद्युत्सँग आयातित जीवाश्म इन्धनलाई प्रतिस्थापन गर्न कार्बन कर एक साधन हुनसक्ने विषयमा समेत छलफल र प्रस्तुतीकरण गरिएको थियो। गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान र पोखरा युनिभर्सिटी काउन्सिल अफ म्यानेजमेन्ट स्टुडेन्ट्स, स्कुल अफ बिजनेससँगको सहकार्यमा आयोजित सेमिनारमा पोखरा विश्वविद्यालय अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक, सहप्राध्यापक डा नमराज धामीले कार्यक्रमको उपादेयता र महत्वका बारेमा प्रकाश पार्नुभएको थियो।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# देउवाको असफलता

सत्ताको नेतृत्व गरेको  नेपाली कांग्रेसको शेखर कोइराला समूहले पार्टी सभापति  एवं प्रधानमन्त्री शेरबहादुर देउवा  दुवैतर्फ असफल भएको निष्कर्ष निकालेको छ । काङ्गेस सभापतिमा पराजित डाक्टर शेखर समुहले स्थानीय चुनावपछि सभापति देउवाको कार्यशैलीप्रति कडा टिप्पणी गरेको छ । स्थानीय चुनाव अघि पनि कोइरालालाई कम महत्त्व दिएका सभापति देउवाले गठबन्धनका नेताहरूलाई सन्तुष्ट पारेर चुनावी परिणाम काङ्गेसको पक्षमा ल्याएका छन । गठबन्धनका नेताका लागि उदार देउवा पार्टीको इतरपक्षसंग अनुदार देखिएका छन। शेखर समुहलेआफूलाई मत नदिनेहरुको नेता बन्न नसकेको निचोड निकालेको छ। पदाधिकारीहरुलाई विधानले दिएको अधिकार उपयोग गर्न दिन अनुदार र विधि पालनामा उदासीन भएको समेत यो समूहको आरोप छ। दुई दिनसम्म चलेको शेखर समूहको बैठकले पार्टीलाई विधिसम्मत चलाउने सभापतिलाई दबाव दिने र महाधिवेशनमा पाएको मतअनुसार पार्टीमा हिस्सेदारी खोज्ने निष्कर्ष समेत निकालेको छ। विगतमा देउवाले गिरिजाप्रसाद कोइराला र सुशील कोइरालासँग ४० प्रतिशत हिस्सा खोजेका थिए ।अहिले कोइरालालाई त्यही व्यवहार नगरी चल्न खोज्दा विवाद बढेको छ।

कांग्रेसको १४औं महाधिवेशनमा शेखर कोइराला सभापतिमा पराजित हुँदा धनराज गुरुङ उपसभापति, गगनकुमार थापा महामन्त्री र जीवन परियार र बद्री पाण्डे सहमहामन्त्री चुनिएका छन्। सभापतिका लागि भएको दोस्रो चरणको मतदानमा करिब ४१ प्रतिशत मत पाएको यो समूहले पार्टीमा भागवण्डाको राजनीति नगर्ने प्रतिबद्धता जनाएको थियो । तर ६ महिनाको कामकारबाही हेर्दा देउवा ४१ प्रतिशत महाधिवेशन प्रतिनिधिको सभापति नै बन्न नसकेको सो  समूहको निष्कर्ष छ। 'पार्टीमा न्यायोचित र योग्यताअनुसार अवसर पाउनुपर्छ भन्ने मान्यता अघि सारेर फेरि भागबन्डाको राजनीतिमा गएको छ।

केन्द्रीय कार्यसमिति र भ्रातृ संस्थाहरुमा भएको मनोनयन, कार्यसम्पादन समिति गठन, स्थानीय तह निर्वाचनको टिकट वितरण, संसदीय समिति गठन लगायतमा सभापति देउवाले एकलौटी गरेको शेखर पक्षको बुझाइ छ। सभापति देउवाले भाग नखोजेसम्म परामर्श समेत नगर्ने प्रवृत्ति देखाएको निष्कर्षमा पुगेको यो समूहले अब हिस्सेदारी खोज्ने संकेत देखाएको छ। त्यसका लागि सातै प्रदेशमा भेला गर्नुका साथै नेताको जिल्ला भ्रमणलाई बढाएर दबाव सृजना गर्ने  समूहको निर्णय छ। पार्टीलाई विधिसम्मत रुपमा सञ्चालनका लागि केन्द्रीय समिति लगायतका मोर्चाबाट सभापतिको ध्यानाकर्षण गराउने निर्णय भएको छ, यसलाई 'रचनात्मक विद्रोह' भनिएको छ। रचनात्मक विद्रोह शब्दावली राख्ने कि नराख्ने भन्नेमा नेताहरुबीच केही मतान्तर रहे पनि अन्तिममा सोही शब्दावली राख्ने निर्णय भएको छ ।

बैठकमा नेताहरूले देउवा सरकारको एक वर्षको समीक्षा गर्दै सरकारले जनतालाई राहत दिन नसकेको, आर्थिक सुशासनको खिल्ली उडाइएको र व्यापक नीतिगत भ्रष्टाचार भएको आरोप लगाएका छन। 'सुशासनको सवालमा राजश्व अनुसन्धान, सम्पत्ति शुद्धीकरणलगायतलाई प्रधानमन्त्रीको मातहतबाट हटाउने भनेर पार्टीले राजनीतिक प्रतिबद्धता जनाएको थियो  त्यसअनुसार काम हुन सकेको छैन। यी निकायहरुलाई ओली सरकारको पालामा झै मनोमानी रुपमा प्रयोग भएको नेताहरुको आशंका छ। अर्थमन्त्री जनार्दन शर्माको क्रियाकलापले नीतिगत रुपमा भ्रष्टचार मौलाउन सहयोग पुगेको नेताहरुले बताएका छन्।

शेखर समूहको बैठकले साझा परराष्ट्र नीति बनाउनेतर्फ पहल गर्न पार्टी सभापति समेत रहेका प्रधानमन्त्री देउवालाई आग्रह समेत गर्ने निर्णय गरेको छ। जनतालाई राहत दिन नसकेको, सुशासनको साटो कुशासन चलाएको, भ्रष्टाचार मौलाएको, परराष्ट्र सम्बन्ध विगारेको र विकासका काम गर्न नसकेको निचोड सरकारको असफलता हो। सरकारको नेतृत्व गरेको दलका असन्तुष्ट पक्षले उठाएका कुरा देउवाका सहयोगी दलले सच्याउन दबाब दिन नसक्नु निरिहता  र लम्पसार पर्नु हो। कम्युनिस्ट तथा बामपंथी भन्नेहरूले देउवाको कुशासन विरुद्ध बोल्न डराउनु दुर्भाग्य हो।

# स्याङ्जाका पालिकाको बजेट ७ अर्ब बढि

प्रकाश डोटेल
स्याङ्जा, १८ असार

आर्थिक वर्ष २०७९/०८० को लागि स्याङ्जाका पालिकाले नीति तथा कार्यक्रम र बजेट पारित गरेका छन्।

अधिकांश पालिकाले पुरानै शैलीमा बजेट पेस गरेका छन् । भौतिक पूर्वाधार निर्माणमा अधिकांशले बढी बजेट विनियोजन गरेका छन्। उनीहरुले स्वास्थ्य, शिक्षा, खानेपानी, वन तथा वातावरण, संस्कृति तथा पर्यटन, खेलकुद, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, फोहोर व्यवस्थापन र नदी नियन्त्रणलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरेका छन् । आगामी आर्थिक वर्षका लागि जिल्लाका ११ पालिकाले ७ अर्ब २ करोड ५२ लाख ५३ हजार ८ सय बजेट पारित गरेका छन् । पारित बजेट मध्ये संघीय सरकार मार्फत ४ अर्ब ६६ करोड २४ लाख बजेट विनियोजन गरिएको छ भने स्थानीय पालिकाले २ अर्ब ३६ करोड २८ लाख ५३ हजार ८ सय आन्तरिक श्रोतबाट व्यवस्थापन गर्ने लक्ष्य राखेका छन् । सार्वजनिक बजेटमा सबैभन्दा धैरै वालिङ नगरपालिकाले ९१ करोड ८२ लाख २० हजार बराबरको बजेट पारित गरेको छ । पारित बजेटको ४५.८ प्रतिशत चालुतर्फ र ५४.२ प्रतिशत पूँजीगत खर्च तर्फ विनियोजन गरेको छ।

पुतलीबजारले ९० करोड ६४ लाख ८८ हजार बराबरको बजेट पारित गरेको छ । बजेट मध्ये ३० करोड ९७ लाख १५ हजार पुँजीगत खर्च र ५९ करोड ६७ लाख ७३ हजार चालुतर्फ नगर सभाले विनियोजन गरेको हो भने गल्याङ नगरपालिकाले ८२ करोड ५६ लाख ८२ हजार बराबरको बजेट घोषणासँगै पारित गरेको छ । जिल्लाको पहिलो बालमैत्री नगरपालिका भीरकोटले ७५ करोड ४ लाख ३० हजारको बजेट पारित गरेको छ। पारित बजेटमा चालु खर्चतर्फ ४३ करोड १७ लाख ४८ हजार र पूँजीगत खर्चतर्फ १५ करोड ८६ लाख ८२ हजार रहेको छ। चापाकोट नगरपालिकाले चालु खर्चतर्फ ४० करोड ५३ लाख ५२ हजार र पुँजीगत तर्फ २० करोड ८१ लाख २६ हजार गरी ६१ करोड ३४ लाख ७८ हजार बराबरको बजेट पारित गरेको छ।

जिल्ला ६ गाउँपालिका मध्ये कालिगण्डकीले ५६ करोड ९१ लाख ५० हजार बराबरको बजेट पारित गर्दा चालुतर्फ ३२ करोड २५ लाख ५५ हजार र पुँजीगत तर्फ २४ करोड ६५ लाख ९५ हजार विनियोजन गरेको छ । आँधीखोला गाउँपालिकाले ७१ करोड १८ लाख बराबरको बजेट पारित गरेको छ। बिरुवाले ४९ करोड ३ लाख बराबरको अनुमानित बजेट पारित गर्दा चालू खर्चतर्फ ३१ करोड ४७ लाख ८० हजार र पूँजीगत तर्फ १७ करोड ५५ लाख २० हजार रकम विनियोजन गरेको छ। अर्जुनचौपारी गाउँपालिकाले ४४ करोड १८ लाख १९ हजार बराबरको बजेट पारित गरेको छ। १४ करोड ३३ लाख ८९ हजार पूँजीगत तर्फ अनुमानित गर्दा चालु खर्चतर्फ ७ करोड ३९ लाख ३० हजार र सशर्त अनुदानमा १८ करोड ४५ लाख रकम विनियोजन गरेको छ।

जिल्लाका १० पालिकाले तोकिएकै समयसिमा भित्र बजेट प्रस्तुत गरेर पारित गर्दा हरिनास गाँउपालिकाले केहिदिन ढिला गरी बजेट प्रस्तुत गर्दै पारित गरेको छ। हरिनासले ४१ करोड ८७ लाख ८० हजार बराबरको बजेट पारित गरेको छ । उता फेदिखोलाले ३७ करोड ९० लाख ९६ हजार ८ सय बराबरको बजेट प्रस्तुत गरेसँगै पारित गरेको जनाएको छ । अधिकांश पालिकाले नीति तथा कार्यक्रममा सडक र पुर्वाधारमा पहिलो प्राथमिकता दिएर बजेट ल्याएका छन् । कृषि, स्वास्थ्य र शिक्षामा समेत प्राथमिकता राख्दै धैरै पालिकाले बजेट विनियोजन गरेका छन् । अधिकांश पालिकाको नीति तथा कार्यक्रम अनुसार बजेटको तालमेल नदेखिएको जानकारी बताउँछन्।

# 'दिगो सहरहरूमा आजीवन शिक्षा' विषयक प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, १८ असार

पोखरा विश्वविद्यालयको रजत जयन्तीको अवसर पारेर ' दिगो सहरहरूमा आजीवन शिक्षा' विषयक एकहप्ते प्रशिक्षण सम्पन्न भएको छ।

पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि सङ्कायको आयोजनामा सञ्चालित प्रशिक्षणमा पोखरा महानगरपालिका, जिल्लाप्राविधिक कार्यालय कास्की, भिमाद नगरपालिका, शुक्ला गण्डकी नगरपालिका, व्यास नगरपालिका, पोखरा विश्वविद्यालय स्कुल अफ इञ्जिनियरिङ, मध्यनेपाल नगरपालिका एवं विभिन्न अनुसन्धान एवं प्राविधिक परामर्शदाता इञ्जिनियर एवं आर्किटेक्ट गरी २३ को उपस्थिति थियो । प्रशिक्षण अवधिमा प्रशिक्षार्थीलाई सहरी परिभाषा, सहरी योजनाको परिचय, क्षेत्रीय योजना, दिगो विकासको अवधारणा, लक्ष्य तथा उद्देश्यका बारेमा प्रस्तुति दिइएको थियो।

# जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
दमौली, १८ असार

जिल्ला खेलकुद विकास समिति तनहुँको आयोजनामा आजदेखि जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सुरु भएको छ। प्रदेश खेलकुद परिषद्ले असार २३ र २४ गते पोखरामा आयोजना गरेको प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताका लागि खेलाडी छनोट गर्न प्रतियोगिता आयोजना गरिएको हो।

व्यास नगरपालिका-१ हाइस्कुलटारस्थित निर्मल माध्यमिक विद्यालयमा आयोजित प्रतियोगिताको उद्घाटन गर्दै तनहुँ क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य केदार सिग्देलले खेलकुदले नेपालको नाम अन्तर्राष्ट्रियस्तरसम्म चिनिन सफल भएको बताउनुभयो । जिल्लास्तरीय प्रतियोगिताबाट छनोट भई प्रदेश हुँदै राष्ट्रियस्तरसम्मको खेलमा सहभागी हुनका लागि सिग्देलले खेलाडीलाईशुभकामनादिनुभयो।

प्रतियोगिता उद्घाटन समारोहमा नेकपा (एमाले)का जिल्ला सचिव राजेश्वर ढकाल, नेपाली कांग्रेसका सचिव लक्ष्मीभक्त खनाललगायतले शारीरिक र मानसिक विकासका लागि खेल आवश्यक रहेको बताउनुभयो । प्रतियोगितामा व्यास, शुक्लागण्डकी, भिमाद, भानु नगरपालिका, आँबुखैरेनी, देवघाट, म्याग्दे र घिरिङ गाउँपालिकाबाट खेलाडीको सहभागिता रहेको खेलकुद विकास समितिका अध्यक्ष अनिल पाण्डेले जानकारी दिनुभयो । आइतबारसम्म सञ्चालन हुने प्रतियोगितामा कराते, एथलेटिक्स, भलिबल, कबड्डीलगायतकाखेलसञ्चालन हुनेछ। तनहुँबाट छनोट भएका खेलाडीले प्रदेशस्तरमा प्रतिस्पर्धा गर्नेछन्। प्रदेश खेलकुद परिषद्ले असार २३ र २४ गते पोखरामा प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको आयोजना गरेको छ । जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालनका लागि खेलकुद विकास समितिका अध्यक्षको संयोजकत्वमा प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन गरिएको छ । समितिमा स्थानीय तहको प्रमुखले तोकेको प्रतिनिधि, प्रमुख जिल्ला अधिकारीले तोकेको प्रतिनिधि, शिक्षा विकास तथा समन्वय एकाइ प्रमुखले तोकेको प्रतिनिधि, जिल्लास्थित नेपाली सेनाका प्रमुखले तोकेको प्रतिनिधि, प्रहरी कार्यालयका प्रमुखले तोकेको प्रतिनिधि, सशस्त्र प्रहरीको प्रमुखले तोकेको प्रतिनिधिलगायत सदस्य रहने प्रावधान छ।


## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित)

गण्डकी प्रादेशिक कार्यालय पोखरा

### सटर भाडामा लगाउने सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०७९/०३/१९

**कास्की जिल्ला पो.म.न.पा. १७, विरौटा स्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको स्वामित्वमा रहेको पसल कबल माथिको खाली सटर भाडामा दिन सूचना प्रकाशन गर्ने भनि प्रधान कार्यालयको सम्पत्ती व्यवस्थापन तथा पूर्वाधार विकास विभाग को मिति २०७९।३।१३ को निर्देशन अनुसार न्युनतम मासिक भाडादर रु. ४५,३७५।- (अक्षरुपी रु.पैतालिस हजार तीन सय पचहत्तर मात्र) भन्दा कम नहुने गरि प्रचलित कानुनले बन्देज नगरिएको व्यापार व्यवसाय संचालन गर्नको लागि भाडामा लिन चाहने ईच्छुक नेपाली नागरिक, संघ संस्था, फर्म वा व्यक्तिहरुले गोप्य शिलबन्दी दरभाउ (कोटेशन) पेश गर्न हुन यो १५ दिने सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धमा अन्य कुनै जानकारी लिन कार्यालय समय भित्र सम्पर्क गर्न सकिने व्यहोरा समेत सूचित गरिन्छ ।**

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
गण्डकी प्रादेशिक कार्यालय, पोखरा
फोन: ०६१-४५५२५९, ९८५६०८६७६७
email: nfcpokhara@gmail.com



## मध्यनेपाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भोर्लेटार, लमजुङ

### क्याटलग/ब्रोसर सपिङ बिधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धमा

**प्रथम पटक प्रकाशित मिति २०७९/०३/१९ गते**

यस नगरपालिकाकाका लागि आवश्यक सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ संशोधन सहितको दफा ८ को उपदफा १ क ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ एघारौं संशोधन सहितको नियम ३१ ख बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख को उपनियम २ अनुसार तपशिल बमोजिमको सवारी साधनका उत्पादक वा आधिकारिक बिक्रेताहरुबाट उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र सोको अध्यावधिक भएको पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण सम्बन्धी कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेसन गुणस्तर मूल्य तथा सुविधा सहितको विवरण क्याटलग वा ब्रोसर संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन १२:०० बजेसम्म यस कार्यालयमा निवेदन दर्ता गराउन आव्हान गरिएको छ। पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन निवेदन पेश गर्न सकिनेछ। थप जानकारी आवश्यक परेमा यस कार्यालयको वेवसाईट www.madhyanepal.gov.np वा फोन नं.०६६-४१००५२ मा सम्पर्क राख्न सकिनेछ।

तपशिल :

| क्र.सं. | सवारी साधनको नाम | आवश्यक संख्या | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | पीकअप | १ (एक) थान | 4WD double cab pickup, Right hand drive with two and four wheel drive. Seating Capacity five including driver and gross vehicle weight not less than 2700 kgs.<br>Four stroke water cooled diesel engine having displacement not less than 1900 CC and Maximum power not less than 140 BHP and maximum torque not less than 300 Nm. Minimum ground clearance 200 mm. The vehicle must have essential accessories which includes ABS, Airbag, Air Conditioning and central locking. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरुस्वीकृत Technical Specification बमोजिम हुनेछ। स्वीकृत Technical Specification को लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ। |


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०७९/०३/१९**

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. कास्की, पोखरा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय संचालन गर्न लिनु भएको ऋणको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०७८/०९/१७ गतेको समाधान राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत अटेर गरी मिति २०७९/०१/०८ गतेको समाधान राष्ट्रिय दैनिकमा ३५ दिने धितो लिलामी तथा गोप्य शिलबन्दी पत्र आव्हानको सूचना प्रकाशित गरी पुन दाश्रो पटक मिति २०७९/०२/२२ गतेको पोखरापत्र राष्ट्रिय दैनिकमा २१ दिने धितो लिलामी तथा गोप्य शिलबन्दी पत्र आव्हानको सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई संस्थासंग गरेको ऋण सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५ तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको विनियम, ऋण नीति २०७७ तथा ऋण असुली नीति २०७७ ले दिएको अधिकार तथा संस्थाको नियमानुसार अधिकार प्रयोग गरी बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ३५औं र २१औं दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्दा कुनै पनि गोप्य शिलबन्दी बोलपत्र नपरेको हुदाँ तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही तेश्रो पटक यो सूचना प्रकाशित भएको मितिले ७औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८औं दिनका दिन तपसिल स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न, धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै ऋण असुलीको कारवाही अन्तर्गत ऋणी, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

<table>
<tr><th>ऋणीको फोटो</th><th>ऋणी सदस्यको विवरण</th><th>जमानी को फोटो</th><th>जमानीको विवरण</th></tr>
<tr><td></td><td>१. नामः प्रदिप पहारी<br>जन्म मितिः २०३८/०६/१२,<br>वर्षः ४०, ना.प्र.नं.७८९६०,<br>जारी मितिः २०५५/१०/०३<br>जि.प्र.का. कास्की<br>बाबुः राम कृष्ण पहारी, बाजेः बद्रिदास पहारी<br>ठेगानाः साविक पोखरा-९, नयाँबजार<br>हाल पोखरा-९, नयाँबजार<br>सम्पर्क नं : ९८५१२२१२८६</td><td></td><td>१. नामः मोहिनी पहारी<br>ना.प्र.नं.१२९२४८,<br>जारी मितिः २०५९/०६/०३<br>जि.प्र.का. कास्की<br>पतिः प्रदिप पहारी<br>ससुराः राम कृष्ण पहारी<br>ठेगानाः साविक पोखरा-९, नयाँबजार<br>हाल पोखरा-९, नयाँबजार</td></tr>
<tr><td colspan="4">धितो विवरण : श्री प्रदिप पहारीको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला पोखरा म.न.पा. वडा नं -९ स्थित कित्ता नं १७५ को क्षेत्रफल १४५.४० वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।</td></tr>
<tr><th>ऋणीको फोटो</th><th>ऋणी सदस्यको विवरण</th><th>जमानीको फोटो</th><th>जमानीको विवरण</th></tr>
<tr><td rowspan="2"></td><td rowspan="2">१ . नामः गोपाल मिजार<br>जन्म मितिः २०३३/०२/०२,<br>वर्षः ४५, ना.प्र.नं.५१६९८२,<br>जारी मितिः२०५१/११/०९, जि.प्र.का. पर्वत<br>बाबुः मकरे सार्की, बाजेः हस्ते सार्की<br>ठेगानाः साविक पाङ्ग-८, पर्वत<br>हाल पोखरा-८, नागढुङ्गा<br>सम्पर्क नंः ९८४३२५५५९५</td><td></td><td>१. नामः कमला मिजार<br>ना.प्र.नं. ३७६८७, जारी मितिः २०५९/०८/०६<br>जि.प्र.का. पर्वत<br>पतिः गोपाल मिजार<br>ससुराः मकरे सार्की<br>ठेगानाः साविक पाङ्ग-८, पर्वत<br>हाल पोखरा-८, नागढुङ्गा</td></tr>
<tr><td></td><td>२. नामः तुल छन्त्याल<br>ना.प्र.नं. ९१३७, जारी मितिः २०६२/०९/०६,<br>जि.प्र.का. म्याग्दी<br>पतिः श्याम छन्त्याल<br>ससुराः भुल बहादुर छन्त्याल<br>ठेगानाः साविक गुर्जा-६, म्याग्दी<br>हाल पोखरा-३, नदिपुर</td></tr>
<tr><td colspan="4">धितो विवरण : श्री गोपाल मिजारको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला पोखरा म.न.पा. वडा नं ७ को कित्ता नं १९८ को क्षेत्रफल १३१.२० वर्ग मि. र साविक धिताल गा.वि.स वडा नं ३ स्थित कित्ता नं १५८ को क्षेत्रफल १-०-३-१/५३४.५८ वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।</td></tr>
</table>

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालय समय भित्र रु १,०००/- (फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन दिउँसो ठिक ०३:३० बजे सम्ममा कारोवार गरी बोलपत्र खोल्न सकिनेछ ।

४. बोलपत्रमा आफूले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्था भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।

६. बढी रकम बोल गर्नेको बोलपत्र स्वीकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।

७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आपसी सहमतीमा गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।

९. सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्तबुझ्दो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफूमा लिन/अधिनमा राख्न सक्नेछ ।

१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ ।

११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुनेछ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।

१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन । साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।

१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पूनश्चः** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।

| बोलपत्र पेश गर्ने | बोलपत्र खोल्ने |
|---|---|
| मिति : २०७९/०३/२६<br>स्थान : कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.,<br>(पोखरा १३, वडा कार्यालय अगाडि)<br>समय : बिहान १०:०० देखि बेलुका ०५:०० सम्म | मिति :२०७९/०३/२७<br>स्थान : कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.,<br>(पोखरा १३, वडा कार्यालय अगाडि)<br>समय : दिनको ठिक ०३:३० बजे |

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा-१३, कास्की**
**फोन नं.: ०६१-५३५७९५, ०६१-५२६९८८, ०६१-५३०५६७**

# पोखरा कलेज अफ म्यानेजमेन्टमा नमुना पत्रकार सम्मेलन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ असार**

पोखरा कलेज अफ म्यानेजमेन्टमा बिबिए आठौं सेमेस्टरका विद्यार्थीहरुले शुक्रबार नमुना पत्रकार सम्मेलन अभ्यास कार्यक्रम सम्पन्न गरेका छन् ।

पोखरा उद्योग वाणिज्य संघको सभाकक्षमा दुईवटा सेक्सनका ७७ जना विद्यार्थीहरुले ६ वटा समूहमा बाँडिएर अभ्यासको प्रस्तुतिकरण गरेका थिए ।

बिबिए अन्तिम सेमेस्टरमा ‘मिडिया र जनसम्पर्क’ विषय अध्ययनरत विद्यार्थीहरुलाई कार्यक्षेत्रको प्रत्यक्ष अनुभव गराउने सन्दर्भमा यो कार्यक्रम आयोजना गरिएको कलेजका बिबिए कार्यक्रम संयोजक सरोज कुँवरले बताउनुभयो । यस कार्यक्रमबाट कार्यक्षेत्रमा मिडियासँग सम्बन्ध राख्न, पत्रकार सम्मेलन सञ्चालन गर्न तथा प्रेस विज्ञप्ती तयार गर्न सिकेको विषय शिक्षक सुवास मल्लले जानकारी दिनुभयो ।

कार्यक्रममा पत्रकारहरु शोभाकान्त सिग्देल, फडिन्द्र अकिञ्चन र प्रतिक्षा काफ्लेले विद्यार्थीहरुको प्रस्तुतीकरणमा टिप्पणी गर्नुभएको थियो । पोखरामा लामो समयदेखि पत्रकारिता गरिरहनुभएका पत्रकारहरुबाट आफ्नो नमुना पत्रकार सम्मेलनमा पृष्ठपोषण पाउँदा वास्तविक सिकाई भएको कार्यक्रममा सहभागी विद्यार्थी आदित्य अधिकारी बताए ।

पोखरा कलेज अफ म्यानेजमेन्टले विगत दुई दशकदेखि पोखरा विश्वविद्यालयबाट सम्बन्धप्राप्त गरी पोखरामा व्यवस्थापन संकायमा अध्ययन अध्यापन गराउँदै आएको छ । हाल कलेजमा दिवा तथा बिहानी सत्रमा ६ सय बढि विद्यार्थीहरु बिबिए र बिसिआईएस (आईटी) कार्यक्रममा अध्ययन गरिरहेका छन् ।

# ढुंगाना प्रतिस्ठान नेपालको उपाध्यक्षमा गण्डकीबाट सुदिपराज

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ असार**

ढुङ्गाना प्रतिस्ठान नेपाल गण्डकी प्रदेश र कास्की जिल्ला शाखाको अधिबेशन संयुक्त रूपमा शनिबार सम्पन्न भएको छ ।

अधिबेशनले गण्डकी प्रदेश बाट केन्द्रमा प्रतिनिधित्व गर्नेगरि एक उपाध्यक्ष र केन्द्रीय सदस्य पनि चयन गरेको छ जसमा केन्द्रीय उपाध्यक्षमा सुदिपराज ढुङाना, केन्द्रीय सदस्यमा केशब प्रसाद ढुङाना रहेका छन् ।तेसैगरि गण्डकी प्रदेश को अध्यक्षमा डा दीर्घनाथ ढुङ्गाना, उपाध्यक्ष ऋषिराम ढुङ्गाना, सचिबमा राममणि ढुङ्गाना, कोषाध्यक्षमा भोजराज ढुङ्गानारहेका छन् भने सदस्य मा राजन ढुङ्गाना गोर्खा, नारायण ढुङ्गाना पर्बत, खिमनाथ ढुङ्गाना बाग्लुङ, ओमकृष्ण ढुङ्गाना म्याग्दी, सरस्वति भण्डारी ढुङ्गाना कास्की, दुर्गादत्त ढुङ्गाना नवलपरासी, रामशरण ढुङ्गाना लम्जुङ, र भाग्यशालि ढुङ्गाना तनहुँ बाट रहेका छन् । तेसैगरि भेलाले आजनै कास्की जिल्लाको पनि नया कार्यसमिति चयन गरेको छ, जसअनुसार अध्यक्षमा बिष्णुहरी ढुङ्गाना, उपाध्यक्षमा दुर्गा प्रसाद ढुङ्गाना, सचिबमा बिश्वनाथ ढुङ्गाना, कोषाध्यक्षमा बद्रीनाथ ढुङ्गाना र सदस्यहरूमा बिष्णु प्रसाद ढुङ्गाना, सृजना ढुङ्गाना, ज्ञानप्रसाद ढुङ्गाना, रूद्र प्रसाद ढुङ्गाना, घनस्याम ढुङ्गाना, सरस्वती ढुङ्गाना, सीता ढुङ्गाना, दयासागर ढुङ्गाना र ज्योतिप्रकाश ढुङ्गाना रहेका छन् ।

अधिबेशनको उद्घाटन गर्दै ढुङ्गाना प्रतिस्ठान नेपालका केन्दिय अध्यक्ष जनकराज ढुङ्गानाले सबै बर्ग समुहको आफ्नो पहिचान हुन जरूरि रहेको हुंदा सबै जनाले आफ्नो धर्म भेषभुषा जात सस्कृति जगेर्ना गर्नको लागि यस्ता समूह जागृत रहन्छन् । अनि आफ्नो बंश पहिचान संस्कार जिबित रहन्छ उनले बताए , तेसै गरि भेलामा केन्द्रीय बरिष्ठ उपाध्यक्ष भिमानन्द ढुङ्गा ना, केन्द्रीय सदस्य केशब प्रसाद ढुङ्गाना, केन्द्रीय सदस्य कृष्ण प्रसाद ढुङ्गाना, पूर्ब केन्दिय सदस्य एबं पोखरा २६का जनप्रतिनिधि सुदिपराज ढुङ्गाना, पूर्ब केन्द्रीय सदस्य बिदुरमणी ढुङ्गाना , राजन ढुङ्गाना, लगाएतले आ आफ्नो धारणा राखेका थिए भने डा दीर्घनाथ ढुङ्गाना अध्यक्षतामा सम्पन्न कार्यक्रम सन्चालन राममणि ढङ्गानाले गरेका थिए ।

# पर्वतमा पिउने पानीमा कोलिफर्मको मात्रा उच्च

**पोखरापत्र संवाददाता**
**पर्वत, १८ असार**

पर्वतका अधिकांश पानीका मुहानमा दिसामा हुने जीवाणु ‘कोलीफर्म’ को मात्रा उच्च रहेको पाइएको छ ।

जिल्लाका सात स्थानीय तहमा मुहानको पानी परीक्षण गर्दा अधिकांश मुहानको पानीमा ‘कोलीफर्म’ रहेको पाइएको स्वास्थ्य कार्यालयका निमित्त प्रमुख सन्तोष पौडेलले जानकारी दिनुभयो । यो नतिजाले जिल्लाका अधिकांश नागरिकले दूषित पानी खाइरहेको र यसले स्वास्थ्यमा असर गरिरहेको उहाँको भनाइ छ ।

“कोलिफर्मका कारण झाडापखाला, हैजा, भाइरल ज्वरो, रुघाखोकीलगायत रोगको सङ्क्रमण हुने खतरा बढेको छ । यसले मानवीय स्वास्थ्यमा प्रत्यक्ष असर गरिरहेको छ”, पौडेलले भन्नुभयो, “हिउँदको समयमा भन्दा बर्खायामको समयमा ‘कोलिफर्म’ बढी भेटिन्छ । वर्षाका कारण बगेर आएको पानीले पानीको स्रोतमा जमिनको सतहमा रहेको फोहरसहितको पानी मिसाउँछ । एक ठाउँको फोहर बगेर अर्को ठाउँमा जान्छ ।”

ल्याब टेक्निसियन मुना सापकोटाका अनुसार खानेपानीका स्रोतमा दिसामा पाइने उक्त जीवाणु उच्चमात्रामा रहेको पाइएको छ । उहाँका अनुसार कुस्मा नगरपालिकाभित्रका विभिन्न ३१ ठाउँमा रहेका पानीका स्रोतमा गरिएको परीक्षणका क्रममा ८० प्रतिशत, फलेबास नगरपालिकाभित्रका विभिन्न १४ ठाउँमा रहेका पानीका स्रोतको परीक्षण गर्दा तीमध्येका ७८ प्रतिशत, मोदी गाउँपालिकाका १५ ठाउँको पानी परीक्षण गर्दा तीमध्येका ६६ प्रतिशत, महाशिला गाउँपालिकाका १३ मुहानको पानी परीक्षण गर्दा तीमध्येका ६१ प्रतिशत, पैंयु गाउँपालिका १४ मध्ये ५७ प्रतिशत र बिहादी गाउँपालिकाका १२ मध्ये ७५ प्रतिशत मुहानको पानीमा ‘कोलिफर्म’ फेला परेको छ ।

झाडापखाला, हैजा, भाइरल ज्वरो, रुघाखोकीलगायत रोगको सङ्क्रमणबाट जोगिनका लागि पानीलाई शुद्धीकरण गर्नुपर्ने पर्वत अस्पतालका चिकित्सक डा सुरज नेपालीले बताउनुभयो । “कोलिफर्मयुक्त पानी पिउँदा दिसाजन्य रोगले महामारीको रूप लिनसक्ने हुन्छ ।

यसबाट जोगिनका लागि उपभोक्ता स्वयंले पानीको शुद्धीकरणमा ध्यान दिनुपर्छ”, उहाँले भन्नुभयो, “यो बर्खाको बेलामा कोलिफर्म मात्र नभई अरू कारणले पनि पानी दूषित बनेको हुन्छ । यो जमिनमा भएको फोहर बाढीले बगाउँदै पिउने पानीमा मिसाएको हुन्छ । जसमा धेरै प्रकारका सङ्क्रमणको जोखिम रहेको हुन्छ । त्यसैले पानी राम्रोसँग उमालेर, फिल्टर गरेर वा अन्य उपाय अपनाएर शुद्ध बनाएर पिउनुपर्छ ।”

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ३१ बज्रबरे धनुवास उपल्लो आलदेखि चोकसम्म बाटो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः बज्रबरे धनुवास उपल्लो आलदेखि चोकसम्म बाटो निर्माण कार्य**
**स्थानः पोखरा-३१, बेगनास, कास्की**
**योजना सम्झौता मितिः २०७८/१२/२९ गते**
**योजना शुरु मिति : २०७८/१२/३० गते**
**योजना सम्पन्न हुने मिति : २०७९/०२/२५ गते**
**योजना सम्पन्न मितिः २०७९/०३/१५ गते**
**योजनाको कुल लागत : रु. १४,१४,००० ।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१२,००,००० ।-**
**जनश्रमदानवाट : रु.२,१४,०००।-**
**उपभोक्ता समिति अध्यक्षः रविराज कडेल**
**सचिवः माधव कडेल कोषाध्यक्षः शान्ता कडेल**

**ब्रजबरे धनुवास मार्ग उपल्लो आलदेखि चोकसम्म बाटो निर्माण उपभोक्ता समिति पोखरा-३१, बेगनास, कास्की**